# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५)  पोखरा, वैशाख १५ गते,  २०७९ साल ( संख्या ०१

## भाग ३

गण्डकी प्रदेश सरकार

<u>भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना</u>

## सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८

**<u>प्रस्तावना</u>**: प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालयबाट लिइने सवारी चालक अनुमतिपत्रको लिखित, प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालनमा खटिने कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्न आवश्यक भएकोले “प्रदेश सुशासन ऐन, २०७६” को

दफा ४३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्यमा खटिने कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका सवारी चालक अनुमतिपत्र प्रदान गर्ने यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्छ।

(घ) "चालक अनुमतिपत्र" भन्नाले ऐन बमोजिम प्रदान गरिने सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(ङ) "परीक्षा" भन्नाले सवारी चालक अनुमतिपत्रको लागि लिइने लिखित, प्रयोगात्मक र मौखिक परीक्षा सम्झनुपर्छ ।

(च) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

३. **प्रोत्साहन भत्ता पाउने शर्तः** यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता प्राप्त गर्नको लागि देहायको प्रक्रिया पुगेको हुनु पर्नेछः-

(क) लिखित परीक्षा सञ्चालन गर्दा सबै वर्गको गरी तीनसय जना परीक्षार्थी सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी सञ्चालन गर्ने।

(ख) मोटरसाइकल, स्कुटर/मोपेड-(A/K) (वर्ग) को प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा दुई सय पचास जना सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने ।

(ग) कार, जीप, डेलिभरी भ्यान- (B वर्ग) को प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा दुई सय जना सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने।

(घ) टेम्पो, अटोरिक्सा-(C) र इ-रिक्सा-(C1) वर्गको प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा दुई सय जना सम्मको परीक्षार्थीलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी परीक्षा सञ्चालन गर्ने।

(ङ) ट्याक्टर-(E), पावरटिलर-(D), मिनिबस/मिनिट्रक-(F) र ट्रक, बस तथा लहरी-(G) वर्गको प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा पचहत्तर जना परीक्षार्थी सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने।

(च) हेभिइक्युपमेन्ट (H,H1,H2,I,I1,I2,J1,J2,J3,J4,J5) वर्गको प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालन गर्दा पचास जना परीक्षार्थी सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी परीक्षा सञ्चालन गर्ने ।

(छ) परीक्षा समितिका अध्यक्ष एवम् कार्यालय प्रमुखले सामान्य सिद्धान्त र औचित्यका आधारमा कर्मचारीलाई परीक्षा सञ्चालनमा सहभागी गराउने ।

(ज) माथि खण्ड (क) देखि (च) सम्ममा उल्लिखित सङ्ख्या भन्दा बढी परीक्षार्थी भएमा आवश्यकता अनुसार सिफ्ट र केन्द्र थप गरी परीक्षा सञ्चालन गर्ने।

(झ) कार्यालयमा कर्मचारी अभाव रहेमा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष बाहेकका कार्यका लागि अन्य सरकारी कार्यालयमा कार्यरत कर्मचारीको सहयोग लिन सकिने।

(ज) यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता भुक्तानी सम्बन्धमा मन्त्रालय र कार्यालय बीच नतिजा सूचक सहितको कार्य सम्पादन करार भएको हुनु पर्ने।

४. <u>**प्रोत्साहन भत्ता पाउने:**</u> (१) परीक्षामा खटिने कर्मचारीले अनुसूचीमा उल्लेख भए बमोजिमको प्रोत्साहन भत्ता पाउनेछ ।

(२) सार्वजनिक बिदाका दिनमा परीक्षा सञ्चालनमा खटिने कर्मचारीलाई प्रति सिफ्ट प्रोत्साहन भत्ताको पचास प्रतिशत थप भत्ता रकम उपलब्ध गराइनेछ ।

५. **कर्मचारीको खटन पटनः** (१) कार्यालय प्रमुखले परीक्षामा कार्यालय वा अन्य कार्यालयको कर्मचारी खटाउँदा सम्भव भएसम्म आलोपालो तरिकाले एकै कर्मचारी नहुने वा नपर्ने गरी खटाउनु पर्नेछ ।

(२) लिखित परीक्षामा संलग्न कर्मचारीलाई सम्भव भएसम्म उत्तरपुस्तिका परीक्षणमा संलग्न गराइने छैन।

६. **करः** यस कार्यविधि बमोजिम कर्मचारीले प्राप्त गर्ने प्रोत्साहन भत्तामा नियमानुसार कर कट्टी हुनेछ ।

अनुसूची

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**सवारी चालक अनुमति पत्रको परीक्षा सञ्चालन गर्दा खटिने कर्मचारीले पाउने प्रोत्साहन भत्ता**

| **क्रसं.** | **विषय** | **दर रु** | **कैफियत** |
|---|---|---|---|
| १ | **लिखित परीक्षा सञ्चालन (प्रति शिफ्ट)** | | |
| | केन्द्राध्यक्ष | ९००-/ | |
| | सहायक केन्द्राध्यक्ष | ६००-/ | |
| | समन्वयकर्ता | ६००-/ | |
| | निरीक्षक | ४००-/ | |
| | सहयोगी | ३००-/ | |
| | **सुरक्षातर्फ** | | |
| | प्रहरी निरीक्षक | ६००-/ | |
| | प्रहरी नायव निरीक्षक | ४००-/ | |
| | प्रहरी सहायक निरीक्षक | ३५०-/ | |
| | प्रहरी हवल्दार | ३००-/ | |
| | प्रहरी जवान | २००-/ | |
| २ | **प्रयोगात्मक परीक्षा सञ्चालन (प्रति शिफ्ट)** | | |
| | मूल जाँचकी (चेकलिष्ट बोक्ने) | ७००-/ | समितिको प्रतिनिधित्व गर्ने ३ जना |
| | जाँचकी | ६००-/ | आठ (8) र्याम्पएल ब्याक , L Back ट्राफिक लाईट र जेब्रा , क्रसिङमाबस्ने ४ जना |
| | निरीक्षक | ५००-/ | हाजिर गराउने र प्रवेश पत्र जाँच गर्ने २ जना |
| | सहयोगी | ३५०-/ | |
| | **सुरक्षातर्फ** | | |
| | प्रहरी नायव निरीक्षक | ५००-/ | |
| | प्रहरी सहायक निरीक्षक | ४५०-/ | |
| | प्रहरी हवल्दार | ४००-/ | |
| | प्रहरी जवान | ३००-/ | |
| ३ | उत्तरपुस्तिका परीक्षण (प्रति परीक्षार्थी) | | |

| | | | |
|---|---|---|---|
| | प्रारम्भिक परिक्षण | ७-/ | |
| | अन्तिम परिक्षण | ५-/ | |
| ४ | लिखित तथा प्रयोगात्मक परीक्षा समितिको बैठक भत्ता | | |
| | अध्यक्ष | १५००-/ | |
| | सदस्य (दुई जना) | १०००-/ | |
| | मौखिक परीक्षा (अन्तर्वार्ता प्रति दिन) | | |
| | समितिको सदस्यहरु (तिन जना) | १०००-/ | |
| | प्रश्नपत्र निर्माण परिमार्जन/गर्ने कर्मचारीको पारिश्रमिक | | |
| | प्रतिसेट (निर्माण) | १०००-/ | |
| | प्रतिसेट (परिमार्जन) | २००/- | |
| | कार्यालय समयका अतिरिक्त कार्यालयमा खटिने कर्मचारीले देहाय बमोजिमको प्रोत्साहन भत्ता पाउनेछन् | | |
| | बायोमेट्रिक लिने र फोटो खिच्ने कार्यमा संलग्न कर्मचारीले प्रति घण्टा | ३००-/ | बढिमा २ जना |
| | अन्य कार्यमा संलग्न हुने गरी कार्यालय प्रमुखले खटाएको कर्मचारी प्रति घण्टा | ३००-/ | बढिमा ३ जना |

द्रष्टब्यः

१. परीक्षामा खटिने परीक्षा समितिका पदाधिकारी र आमन्त्रित सदस्य भएमा समितिको सदस्य सरह बैठक भत्ता उपलब्ध गराइने छ ।

२. लिखित परीक्षा सञ्चालन गर्दा १०० जना परीक्षार्थी बराबर एक जना निरीक्षक राख्नुपर्नेछ ।

३. लिखित परीक्षामा तीन जना भन्दा बढि र प्रयोगात्मक परीक्षामा पाँच जना भन्दा बढि सुरक्षाकर्मीले प्रोत्साहन भत्ता प्राप्त गर्ने छैनन्।

आज्ञाले

रामचन्द्र श्रेष्ठ

प्रदेश सरकारको सचिव